गाउँसभाबाट पारित मिति २०७८/ ११/ २०/

# सामुदायिक कृषि प्रसार सेवा केन्द्रको बिधान
# २०७८

ठेगानाः
कनकासुन्दरी गाउँ पालिकाको कार्यालय सिंजा ,जुम्ला

## सामुदायिक कृषि प्रसार सेवा केन्द्र, कनकासुन्दरी गाउँ पालिका वडा नं. १ को बिधान
## २०७८

**प्रस्तावना :**

स्थानीयस्तरमा कृषिजन्य सेवाहरुको विस्तारमा सहजीकरण गर्दै कृषकहरुलाई बहुल संस्थाको संलग्नतामा प्रभावकारी कृषि प्रसार सेवा उपलब्ध गराई विद्यमान बेरोजगारी, गरिवी र पोषण तथा खाद्य असुरक्षाको अवस्थामा सुधार ल्याउन कर्णाली प्रदेश जुम्ला जिल्ला कनकासुन्दरी गाउँपालिकाको वडा नम्बर १ भित्र रहेका कृषक र सेवा प्रदायकहरुको सहभागितामा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना, संचालन ,व्यवस्थापन र नियम सम्वन्धनमा मार्ग निर्देशन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा ११ खण्ड "ण " (१ र २ ) र "द " "१ " ले दिएको अधिकार प्रयोग गरि कनकासुन्दरी गाउँपालिकाबाट जारी **सामुदायिक कृषि प्रसार सेवा केन्द्र, कनकासुन्दरी गाउँ पालिका वडा नं.१ को सामुदायिक कृषि प्रसार सेवा केन्द्र,**बिधान **२०७८"** निर्माण गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **केन्द्रको नामः** यस केन्द्रको नाम सामुदायिक कृषि प्रसार सेवा केन्द्र, कनकासुन्दरी गाउँपालिका वडा नं १ रहने छ ।

२. **केन्द्रको ठेगाना :** यस केन्द्रको ठेगाना कर्णाली प्रदेश, जुम्ला जिल्ला, कनकासुन्दरी गाउँपालिका १ नं. वडा, बुम्रमाडी चौर टोल हुनेछ ।

३. **केन्द्रको कार्यक्षेत्रः** यस केन्द्रको कार्यक्षेत्र कनकासुन्दरी गाउँपालिका १ नं. वडाभित्रका टोल/वस्तीहरुमा रहने छ।

४. **प्रारम्भः** यो बिधान राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

५. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बिधानमा;

(क) "बिधान" भन्नाले कनकासुन्दरी गाउँपालिका सामुदायिक कृषि प्रसार सेवा केन्द्रको विधान २०७८ सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८ सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले कृषि क्षेत्र विकास कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "केन्द्र" भन्नाले सामुदायिक कृषि प्रसार सेवा केन्द्र सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(च) "प्रादेशिक मन्त्रालय" भन्नाले सम्बन्धित प्रदेशको कृषि हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(छ) "स्थानीय तह" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

(ज) "वडा" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्लाका गाउँपालिका वा नगरपालिकाका वडा सम्झनु पर्दछ ।

(झ) "कृषक" भन्नाले सम्बन्धित वडा भित्र कृषि, पशुपन्छी र माछा उत्पादनमा संलग्न नागरिक वा घरपरिवार भन्ने सम्झनुपर्दछ ।

(ञ) "सेवा प्रदायक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ अनुसूची ४ बमोजिमका व्यावसायिक कृषि सेवा प्रवाह गर्ने सेवा प्रदायक कृषक/स्रोत व्यक्ति, कृषक समूह, सहकारी, कृषि उपज बजार संचालक/व्यवस्थापन समिति, कम्पनी तथा संघ संस्था समेत बुझाउँछ ।

(ट) "समिति" भन्नाले दफा १८ बमोजिम गठित केन्द्र व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ठ) “बैठक” भन्नाले दफा १८ बमोजिम बस्ने केन्द्र व्यवस्थापन समितिको बैठकलाई सम्झनु पर्दछ ।

(ड) “साधारण भेला” भन्नाले केन्द्रमा सूचीकृत सम्पूर्ण सदस्यहरुको उपस्थितिमा दफा २१ बमोजिम बस्ने वार्षिक भेलालाई सम्झनु पर्दछ ।

६. **आबद्धताः** यस केन्द्रको आवद्धता स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ संग संबन्धित प्रावधान तथा सो को कार्यान्वयनको लागि कनकासुन्दरी गाउँपालिकाले जारी गरेको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि बमोजिम पालिकाको कृषि विकास शाखा र पशुपन्छी विकास शाखासंग हुनेछ ।

७. **केन्द्रको छाप र प्रतिक चिन्हः** प्रचलित कानुनले गरेको व्यवस्थाको प्रतिकुल नहुने गरी यस केन्द्रको छुट्टै एउटा छाप र प्रतिक चिन्ह हुनेछ ।केन्द्रको छाप र प्रतिक चिन्ह अनुसूची-१० बमोजिमको ढाँचामा तयार गरी लागु गरिनेछ।

## परिच्छेद-२

## उद्देश्यहरु

८. **सामुदायिक कृषि प्रसार सेवा केन्द्रको उद्देश्यहरुः** यस केन्द्रका उद्देश्यहरु देहाय बमोजिम हुने छन्;

९क० कृषकहरुको लागि सामुदायिक र व्यावसायिक कृषि प्रसार सेवा प्रवाहको व्यवस्था मिलाउने ।

९ख० स्थानीयस्तरमा कृषक, कृषि समूह र कृषि सेवा प्रदायकको प्राविधिक र संस्थागत क्षमताको विकास गर्ने ।

९ग० केन्द्रबाट प्रवाह गरिने कृषि प्रसार सेवाको मूल्य निर्धारण गर्ने र गुणस्तरको अनुगमन गर्ने ।

९घ० कृषक र सेवा प्रदायक बीच समन्वय, सहकार्य र सम्बन्ध स्थापित गराउने ।

९ङ० संघ, प्रदेश र पालिकासंग समन्वय गरी कृषकहरुलाई लक्षित गरी संचालन गरेका कार्यक्रमहरुको कार्यान्वयन र प्रचार प्रसार गर्ने ।

९च० बहुल संस्थाको संलग्नता र सहकार्यमा स्थानीय कृषि उपजको बजारीकरण संयन्त्रको विकास र सवलीकरण गर्ने ।

९छ० कृषकको मागमा आधारित व्यावसायिक कृषि प्रसार सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने ।

९. **केन्द्रको उद्देश्य प्राप्तिका लागि सम्पादन गरिने कार्यहरुः** दफा ८ मा उल्लेखित उद्देश्य प्राप्तिका लागि केन्द्रबाट सम्पादन गरिने कृषि प्रसार सेवा सम्बन्धी सामुदायिक तथा व्यावसायिक कार्यहरु देहाय बमोजिम हुनेछन्;

**(१) कृषि प्रसार सेवा सम्बन्धी सामुदायिक कार्यहरुः**

(क) कृषि बाली वस्तु, पशुपन्छी र माछाको नयाँ जात/नश्लहरुको परीक्षण तथा प्रदर्शन गर्ने,

(ख) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित आधुनिक प्रविधिको परीक्षण तथा प्रदर्शन गर्ने,

(ग) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित सहभागितात्मक परीक्षण/अनुसन्धान (पार्टिसिपेटरी एक्सन रिसर्च) गर्ने,

(घ) एकीकृत बाली/शत्रुजीव व्यवस्थापन/खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय/बीउ उत्पादन/पोषण/व्यावसायिक/वित्तीय साक्षरता पाठशाला सञ्चालन गर्ने,

(ङ) आधुनिक, खेती लागत तथा कार्यबोझ न्यूनिकरण गर्ने कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन गर्ने,

(च) कृषि बाली वस्तु, पशुपन्छी र माछा सम्बन्धी सामूहिक तालिम दिने,

(छ) कृषक समूह तथा कृषि सहकारी संस्था गठन/पुनर्गठनका लागि सहजिकरण एवम् क्षमता विकास गर्ने,

(ज) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार गर्ने,

(झ) भौचर प्रणाली तथा किसान कार्डको कार्यान्वयन गर्ने,

(ञ) सामुदायिक कृषि बजार स्थापना गर्ने,

(ट) सामुदायिक कृषि बजार सूचना प्रणालीको स्थापना गर्ने,

(ठ) कृषि तथा कृषि बजार सम्बन्धी अध्ययन/सर्वेक्षण गर्ने,

(ड) रैथाने बाली तथा पशुपन्छीको संरक्षण गर्ने ।

**(२) कृषि प्रसार सेवा सम्बन्धी व्यावसायिक कार्यहरुः**

(क) कृषकको मागमा आधारित कृषि सामग्रीको आपूर्ति तथा परामर्श (भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउने समेत) सेवा उपलब्ध गराउने,

(ख) बीउ, बेर्ना, नश्लको उत्पादन नर्सरी तथा स्रोत केन्द्र स्थापना गर्ने,

(ग) व्यावसायिक योजना निर्माणको लागि स्रोत व्यक्ति उपलब्ध गराउने,

(घ) वित्तीय सेवाका लागि सहजिकरण र सम्बन्ध विकास गर्ने,

(ङ) विभिन्न कृषि सम्बन्धी पाठशाला तथा तालिमको लागि स्रोत व्यक्तिको उपलब्धता सुनिश्चित गर्ने,

(च) आधुनिक कृषि प्रविधि एवम् व्यवसाय परामर्श सेवा उपलब्ध गराउने,

(छ) पशुपन्छी तथा माछाको उपचार, खोप तथा भ्याक्सिनेसन सेवा संचालन गर्ने,

(ज) पशुवस्तुमा कृत्रिम गर्भाधान सम्बन्धी सेवा स्थापना गर्ने,

(झ) बालीनालीको उत्पादनमा आवश्यक पर्ने विशेषज्ञ/विशिष्ट सेवा तथा परामर्श, जस्तैः काँटछाँट, बाली रोग पहिचान एवम् बाली उपचार, रासायनिक तथा जैविक विषादी छर्कने, थोपा सिंचाइ लगायत नवीन सिंचाइ प्रविधिको जडान, प्लाष्टिक घर/टनेल जडान, वानस्पतिक प्रजनन्, बीउ उत्पादन, भण्डारण, उत्पादनोपरान्त क्षति न्यूनिकरण, घरायसी प्रशोधन आदि सेवा उपलब्ध गराउने,

(ञ) कृषि बाली वस्तु, पशुपन्छी र माछाको रोग तथा कीराको निदान प्रयोगशाला सेवा संचालन गर्ने,

(ट) माटो परीक्षण प्रयोगशाला सेवा संचालन गर्ने,

(ठ) कृषि यन्त्र तथा उपकरण सञ्चालन परामर्श एवम् मर्मत सेवा उपलब्ध गराउने,

(ड) वित्तीय शिक्षा तथा व्यावसायिक साक्षरता/परामर्श सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ढ) पोषण साक्षरता तथा परामर्श सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(ण) बाली तथा पशुपन्छी बीमा अभिकर्ताको परिचालनमा सहजिकरण गर्ने,

(त) कृषि उपजहरु संकलन, ढुवानी र बजारीकरण सम्बन्धी कार्यमा सहजिकरण गर्ने,

(थ) कृषि उपज भण्डारण सेवा (चिस्यान तथा भण्डारण केन्द्रहरु सन्चालकहरु मार्फत) संचालन गर्ने ।

## परिच्छेद-३
## केन्द्र संचालन सम्बन्धी व्यवस्था

**१०. केन्द्रको कार्यालय रहने स्थानः**

९१० सामुदायिक कृषि प्रसार सेवा केन्द्र सञ्चालनका लागि केन्द्रले वडाभित्रका सबै सेवाग्राही कृषक र सेवा प्रदायकहरुलाई पायक पर्ने गरी वडा तहमा रहेका सामुदायिक भवन, कोठा वा कार्यालय, सहकारीको भवन वा सार्वजनिक स्थान पालिकासंगको आपसि सहमतिमा प्राप्त गर्न सक्नेछ ।

९२० उपदफा (१) बमोजिम केन्द्रको कार्य संचालनको लागि भवन वा स्थान प्राप्त हुन नसक्ने अवस्थामा केन्द्र आफैले सबैको पायक पर्ने निजी भवन वा कोठा भाडामा लिइ कार्यालय स्थापना गर्न र सेवा संचालन गर्न सक्नेछ ।

९३० केन्द्रको कार्यालय रहेको स्थान केन्द्रका कर्मचारी र समितिका पदधिकारीहरुको मुख्य कार्यस्थलको रुपमा रहनेछ भने स्थानीय कृषकहरु, सेवाप्रदायकहरु र सरोकारवाला निकायको सम्पर्क विन्दुको रुपमा रहनेछ ।

९४० सेवा प्रदायकले वडा तहमा व्यवसाय गरिरहेको स्थान, एग्रोभेट, फार्म, तालिम तथा सिकाई केन्द्र आदिबाट नै कृषि प्रसार सम्बन्धी व्यावसायिक सेवा संचालन गर्न सक्नेछन् ।तर कृषकको आवश्यकता र सेवाको प्रकृति अनुसार कृषक भएकै स्थानमा गई प्रत्यक्ष सेवा उपलब्ध गराउनु पर्नेछ ।

**११। केन्द्रको सेवा संचालन प्रक्रिया :** केन्द्रको संचालन देहाय बमोजिम हुनेछ ।

९१० समुदायको अग्रसरता तथा पालिकाको समन्वय र सहयोगमा केन्द्रको स्थापना गरिनेछ र केन्द्रलाई आत्मनिर्भर एवम् स्वपरिचालित सामुदायिक संस्थाको रुपमा विकास गरिनेछ ।

९२० केन्द्रबाट सामुदायिक र व्यावसायिक गरी दुई प्रकारका कृषि प्रसार सम्बन्धी सेवा प्रवाह गरिनेछ ।

९३० केन्द्र संचालनको लागि आवश्यक पर्ने श्रोतको उपलब्धता दफा ३३ बमोजिम हुनेछ ।

९४० केन्द्रले संघ, प्रदेश, पालिका र अन्य संघ संस्थाबाट प्राप्त गरेको स्रोत साधनको परिचालन गरी अनुसूची ३ मा उल्लेख भए बमोजिमको सामुदायिक कृषि प्रसार सेवा प्रवाह गर्नेछ ।

९५० केन्द्रले आफ्नो स्रोत साधन तथा सेवा प्रवाहबाट आर्जन गरेको सेवा शुल्कको परिचालन गरी अनुसूची ४ बमोजिमको व्यावसायिक कृषि प्रसार सेवा प्रवाह गर्नेछ ।

९६० केन्द्रले अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो व्यावसायिक योजना बनाई केन्द्रमा सूचीकृत सेवा प्रदायकलाइ परिचालन गरी अनुसूची ४ बमोजिमका व्यावसायिक कृषि प्रसार सेवा सम्बन्धी कार्यको योजनावद्ध तवरले कार्यान्वन गर्ने गराउने छ ।

९७० निजी सेवा प्रदायकको परिचालनबाट मात्र सबै सेवा उपलब्ध हुन नसक्ने र अपेक्षित रुपमा सेवाको परिमाणमा वृद्धि तथा गुणस्तर कायम हुन नसक्ने अवस्थामा केन्द्र आफैले कृषि प्राविधिक परिचालन गरी उक्त व्यावसायिक योजनामा उल्लेखित सेवाहरु उपलब्ध गराउने छ ।

९८० केन्द्रले कृषकको मागको आधारमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

९९० केन्द्रबाट प्रवाह गरिने व्यावसायिक कृषि प्रसार सेवाहरुको सेवा शुल्क निर्धारण पालिका संग समन्वय गरी अनुसूची ६ बमोजिमको ढाँचामा केन्द्र व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

९१०० केन्द्रले आफ्नै कृषि प्राविधिक र केन्द्रमा सूचीकृत सेवा प्रदायकहरु परिचालन गरी संघ, प्रदेश र स्थानीय तहबाट उपलब्ध गराइएको अनुदानित कृषि सामग्री र सेवाहरु (भौचर समेत) प्रवाह गर्नेछ ।

## परिच्छेद-४
## केन्द्रको सदस्यता सम्बन्धी व्यवस्था

**१२. केन्द्रले सदस्यता प्रदान गर्ने विधिः**

(१) केन्द्रले सदस्यता प्रदान गर्ने प्रयोजनको लागि सूचना प्रवाह गरी आवेदनको ढाँचा सहित वडाभित्रका कृषक एवम् सेवा प्रदायकहरुबाट सदस्यताको लागि आव्हान गर्नेछ ।

९२० उपदफा (१) बमोजिम केन्द्रको सदस्यताको लागि प्राप्त हुन आएका आवेदनहरु मध्ये दफा १३ बमोजिमको योग्यता पुगेका कृषक एवं सेवा प्रदायकहरु केन्द्रको साधारण सदस्य बन्न सक्ने छन् ।

९३० सदस्यता प्रदान गर्दा केन्द्रले के कति सदस्यता शुल्क लिने भन्ने कुरा केन्द्रको व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम हुनेछ ।

**१३। सदस्यको योग्यताः** केन्द्रको सदस्यता प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ;

९क० वडाभित्र कृषि, पशुपन्छी र माछा उत्पादनमा संलग्न कृषक हुनुपर्ने,

९ख० कानून बमोजिम दर्ता भइ स्थानीयस्तरमा व्यावसायिक कृषि सेवा प्रवाहमा संलग्न सेवा प्रदायक (स्रोत व्यक्ति, कृषक समूह, सहकारी, एग्रोभेट, कृषि उपज बजार संचालक/व्यवस्थापन समिति, कम्पनी तथा संघ संस्था समेत) हुनुपर्ने,

(ग) सामुदायिक कृषि प्रसार सेवा केन्द्रको उद्देश्य अनुसार काम गर्न इच्छुक भएको हुनुपर्ने,

(घ) केन्द्रको विधान, नीति नियम, निर्णय र आचारसंहिताको पालना गर्ने व्यक्ति हुनुपर्ने,

**१४। सदस्यमा बहाल नरहने अवस्थाः** देहायको अवस्थामा केन्द्रको सदस्य बहाल रहने छैनन्;

९१० सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

९२० सदस्यको मृत्यु भएमा,

९३० बसाइसराई गरी अन्यत्र गएमा,

९४० विना सूचना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा,

(५) प्रचलित कानुनद्वारा निषेधित वा दण्डनीय कुनै अवान्छित क्रियाकलापमा संलग्न भएको प्रमाणित भएमा,

९६० छानविनको क्रममा दफा १३ बमोजिमको योग्यता नपुगेको ठहर भएमा ।

**१५. सदस्यहरुको अभिलेख :**

९१० दफा १२ बमोजिम सदस्यताको लागि प्राप्त हुन आएका आवेदनहरु दफा १३ बमोजिमको योग्यता पुगेको खण्डमा केन्द्रले कृषक सदस्यहरुको अभिलेख अनुसूची १ र सेवा प्रदायकहरुको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी राख्नेछ ।

९२० केन्द्रले अनुसूची १ र २ बमोजिम तयार गरेको अभिलेख वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।

**१६। सदस्यताको प्रकार :** केन्द्रको सदस्यता लिएका सबै सदस्यहरु साधारण सदस्यको रुपमा रहने छन् ।

**१७। सदस्यता नवीकरण र खारेजीः**

९१० दफा १२ बमोजिम केन्द्रको सदस्यता लिएका व्यक्ति/संस्थाको सदस्यता केन्द्र व्यवस्थापन समितिले तोके बमोजिमको शुल्क लिई प्रत्येक वर्ष नवीकरण गरिनेछ ।

९२० कुनै सदस्य दफा १४ बमोजिम सदस्यमा बहाल नरहने अवस्था आएमा निजको सदस्यता खारेज हुनेछ ।

९३० उपदफा (१) र (२) को विवरण अनुसूची १ र २ को ढाँचा बमोजिम अध्यावधिक गरिनेछ ।

## परिच्छेद-५

## केन्द्र व्यवस्थापन समिति गठन तथा काम, कर्तव्य र अधिकार

**१८। केन्द्र व्यवस्थापन समितिको गठनः**

(१) केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि दफा १३ बमोजिम योग्यता पुरा गरी केन्द्रको अभिलेखमा सूचीकृत प्रतिनिधिहरु मध्येबाट देहाय बमोजिमको १० सदस्यीय केन्द्र व्यवस्थापन समिति गठन हुनेछ;

| क्र.स. | पद | संख्या | प्रतिनिधित्व |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सह-अध्यक्ष | २ जना | कृषकहरुमध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ र सेवा प्रदायकहरुमध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ गरी जम्मा २ जना |
| २ | कोषाध्यक्ष | १ जना | सम्पूर्ण प्रतिनिधि मध्ये बाट चुनिएका १ जना |
| ३ | सचिव | १ जना | सम्पूर्ण प्रतिनिधि मध्ये बाट चुनिएका १ जना |
| ४ | महिला सदस्य | ४ जना | कृषक सदस्य मध्येबाट २ जना र सेवा प्रदायक सदस्य मध्येबाट २ जना |
| ५ | अन्य सदस्य | २ जना | सम्पूर्ण प्रतिनिधि मध्ये बाट चुनिएका २ जना |
| | **जम्मा** | **१० जना** | |

(२) केन्द्र व्यवस्थापन समितिमा कृषकहरुमध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ जना र सेवा प्रदायकहरुमध्येबाट चुनिएका ५ प्रतिनिधिबाट छानिएका १ जना गरी जम्मा २ जना सह-अध्यक्ष रहने छन् ।

(३) समितिको बैठकको अध्यक्षता सह-अध्यक्षहरुबाट ६-६ महिनामा आलोपालो गरी गरिनेछ ।

(४) न्यूनतम ५ जना सेवा प्रदायक सूचीकृत नभएको अवस्थामा सबै प्रतिनिधि सदस्यको रुपमा रहनेछन् र महिला सेवाप्रदायक सूचीकृत नभएको खण्डमा पुरुष प्रतिनिधिलाई समेत केन्द्र व्यवस्थापन समितिको पदाधिकारी बन्न कुनै बाधा पर्ने छैन ।

**१९. केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुको कार्यअवधिः** समितिका पदाधिकारीको कार्य अवधि २ बर्षको हुनेछ । एक पटक चुनिएका पदाधिकारीहरु बढीमा थप एक कार्यअवधिको लागि चुनिन सक्नेछन् ।

**२०. रिक्त स्थानको पदपूर्तिः** कुनै कारणले समितिका पदाधिकारीको पद रिक्त हुन गएमा रिक्त भएको १ महिना भित्र केन्द्रमा सूचीचीकृत सदस्यहरु मध्येबाट बहुमतले पास गरेको व्यक्ति रिक्त पदमा बहाल हुनेछ ।

**२१. वार्षिक साधारण भेलाः**

(१) प्रत्येक आर्थिक वर्षको अन्तमा केन्द्रमा सूचीकृत साधारण सदस्यहरुको साधारण भेला गरिनेछ ।

(२) साधारण भेलाबाट केन्द्र व्यवस्थापन समितिको तर्फबाट पेश गरिने केन्द्रको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट पारित गर्नु पर्नेछ ।

(३) दफा १८ बमोजिम गठित केन्द्र व्यवस्थापन समितिको कार्य अवधि समाप्त भएको अवस्थामा उक्त भेलाले पहिलेकै प्रक्रिया अवलम्बन गरी नयाँ समितिका पदाधिकारीहरुको चयन गर्नेछ ।

**२२. केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संचालन र व्यवस्थापनको लागि दफा १६ बमोजिम गठित केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) सामुदायिक कृषि प्रसार सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरुको लागि केन्द्रको वार्षिक एवम् आवधिक योजना तथा कार्यक्रम र बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्ने,

(ख) दफा १२ (१) बमोजिम कृषक र सेवा प्रदायकबाट सदस्यताको लागि आवेदन आव्हान गर्ने र सदस्यहरुको सूचीलाई अनुसूची १ र २ बमोजिमको अभिलेख अनुसार वार्षिक रुपमा अद्यावधिक गर्ने,

(ग) सेवा प्रदायक र कृषक बीच नियमित अन्तर्क्रिया गरी कृषकलाई आवश्यक कृषि प्रसार सेवाको विस्तार गर्ने ।साथै, सम्भव भएसम्म कृषक र सेवा प्रदायक बीच सहकार्य गरी आवश्यक सेवाको सह-निर्माण वा सह-उत्पादन गर्ने व्यवस्था मिलाउने,

(घ) केन्द्रबाट प्रवाह हुने सामुदायिक कृषि प्रसार सेवा सम्बन्धी कार्यहरु सञ्चालनको लागि प्रस्तावना तयार गरी सम्बन्धित वडा तथा स्थानीय तह समक्ष पेश गर्ने,

(ङ) सेवा प्रदायकको विकास र क्षमता विस्तार गर्ने,

(च) केन्द्रलाई आत्मनिर्भर संस्थाको रुपमा विकास गर्न व्यावसायिक योजना बनाइ कार्यान्वयन गर्ने,

(छ) केन्द्रको आम्दानी र खर्चको लेखा हिसाब राख्ने एवम् सार्वजनिकीकरण गर्ने,

(ज) स्थानीय तहले निर्धारण गरेको मापदण्ड बमोजिम वा सो नभएको खण्डमा स्थानीय तहको समन्वयमा सेवा तथा सेवा प्रदायकले प्रदान गर्ने सेवाको गुणस्तर निर्धारण, सेवा प्रदायकको पारिश्रमिक तथा केन्द्रले लिने सेवा शुल्क निर्धारण गर्ने,

(झ) स्थानीय तहको कृषि तथा पशुपन्छी हेर्ने शाखासंग नियमित रुपमा समन्वय गर्ने,

(ञ) सेवा प्रवाहको लागि आवश्यकतानुसार आचार संहिता एवम् आन्तरिक मापदण्डहरु बनाइ लागू गर्ने,

(ट) आवश्यकतानुसार कृषि प्राविधिक र अन्य कर्मचारीको नियुक्ति र परिचालन गर्ने,

(ठ) केन्द्रको कार्यालय व्यवस्थापन एवम् दैनिक कार्य सञ्चालन गर्ने,

(ड) सम्बन्धित स्थानीय तहको समन्वयमा संघ र प्रदेश सरकार एवम् अन्य संघ संस्थाबाट सहयोग प्राप्त गरी सेवा प्रदायकको विकास, क्षमता अभिवृद्धि र परिचालन गर्ने,

(ढ) कृषक तथा सेवा प्रदायकको सुपरिवेक्षण गर्ने, गुनासो सुनुवाइको संयन्त्र निर्माण गर्ने र गुनासाहरुको सम्बोधन गर्ने,

(ण) चौमासिक एवम् वार्षिक रुपमा केन्द्रले सम्पादन गरेको कार्यको समीक्षा गर्ने,

(त) अन्तर सरकारी निकाय, कृषक समूह, सहकारी र अन्य वित्तीय संस्थाहरुसंग समन्वय एवम् सहकार्य गर्ने,

(थ) समितिले केन्द्रको दैनिक कार्यसञ्चालन गर्ने कार्यको लागि कुनै सदस्य वा सेवा प्रदायक वा कृषि प्राविधिक वा कर्मचारीलाई व्यवस्थापकको रुपमा जिम्मेवारी तोक्ने,

(द) वडाध्यक्ष मार्फत स्थानीय तहसंग नियमित सम्पर्क/सञ्चार गर्ने,

(ध) विधान बमोजिम गर्नु पर्ने अन्य कार्यहरु गर्ने,

(२) सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना तथा संचालन सम्बन्धी मूल कार्यविधिमा संसोधन भएको खण्डमा सोही बमोजिम केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा समेत हेरफेर गरिनेछ ।

## परिच्छेद-६

## समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**२३. सह-अध्यक्षको काम, कर्तव्य र अधिकारः** सह-अध्यक्षहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

९क० सामुदायिक कृषि प्रसार सेवा केन्द्रको प्रमुख पदाधिकारीको रुपमा रही केन्द्रको लक्ष्य एवं उद्देश्य प्राप्तिका लागि प्रत्यक्ष नेतृत्व प्रदान गर्ने,

९ख० बैठक बोलाउने विषयमा सचिवलाई आवश्यक निर्देशन दिने,

९ग० केन्द्रको उद्देश्य पूर्तिका लागि प्रस्तुत कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि स्वीकृति प्रदान गर्ने,

९घ० समितिको सबै बैठकको अध्यक्षता ग्रहण गर्ने,

९ङ० छलफलमा सामुहिक निर्णय गराउन आवश्यक भूमिका निर्वाह गर्ने,

९च० कुनै पनि प्रस्तावमा लिइएका मतहरुको संख्या पक्ष विपक्षमा बराबर भएमा सम्बन्धित वडाध्यक्ष समेतको सरसल्लाहमा निर्णायक भूमिका निर्वाह गर्ने,

९छ० केन्द्रको स्वामित्वमा रहेका चल अचल सम्पतिको संरक्षण र नियन्त्रण गर्ने गराउने,

९ज० अन्य पदाधिकारी तथा सदस्यहरुको कामको बांडफांड गर्ने, निर्देशन दिने र राजिनामा स्वीकृत गर्ने,

९झ० केन्द्रको काम कारबाहीको शिलसिलामा अन्य संघ संस्था र निकायहरुसंग सम्बन्ध विस्तारको क्रममा प्रतिनिधित्व गर्ने र गराउने,

९ञ० केन्द्रको उद्देश्य प्राप्तिको लागि समितिको निर्णय र आवश्यकता अनुसार अन्य कार्य गर्ने गराउने ।

२४। **सचिवको काम, कर्तव्य र अधिकारः** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

९क० अध्यक्षको निर्देशन अनुसार समितिको बैठक बोलाउने,

९ख० बैठकले पारित गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

९ग० समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र भए गरेका निर्णयहरु सार्वजनिक गर्ने,

९घ० कुनै जटिल प्रस्ताव उपर निर्णय हुन नसकेमा पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने,

९ङ० अध्यक्ष वा केन्द्रले तोकेका अन्य कार्यहरु गर्ने गराउने,

२५। **कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

९क० केन्द्रको सम्पूर्ण आय र व्ययको श्रेस्ता एवं हिसाब किताब व्यवस्थित रुपमा राखी आर्थिक प्रशासनको पूर्णरुपले दायित्व वहन गर्ने,

९ख० सामितिले खोजेको बखत केन्द्रको दैनिक आर्थिक कारोबार सम्बन्धी विवरण उपलब्ध गराउने,

९ग० केन्द्र समक्ष आगामी वर्षको वार्षिक कार्यक्रम तथा बजेट पेश गर्ने,

९घ० केन्द्रको कोष वृद्धि गर्न प्रयत्नशील रहने,

९ङ० आन्तरिक तथा अन्तिम लेखापरिक्षण गर्ने गराउने,

९च० केन्द्रको चल अचल सम्पतिको रेखदेख र नियन्त्रण गर्ने,

९छ० आन्तरिक लेखा समितिको गठन गर्न आवश्यक पहल गर्ने,

२६। **सदस्यहरुको काम, कर्तव्य र अधिकारः** सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

९क० समितिको प्रत्येक बैठकमा सक्रिय सहभागी भइ प्रस्तावहरु उपर छलफल र निर्णय गर्ने,

९ख० केन्द्रको विकासको लागि योजना पेश गर्ने, पारित गर्ने र कार्यान्वयन प्रक्रियामा सघाउने,

९ग०समितिको निर्णय अनुसार अध्यक्षले दिएको निर्देशनलाई कार्यान्वयन गर्ने गराउने,

९घ० कृषि प्रसार सेवाको विस्तार तथा प्रवर्द्धन सम्बन्धी सामुदायिक तथा व्यावसायिक दुवै कार्यमा सरिक रहने,

९ङ०केन्द्रको बिधान बमोजिम कृषक र सेवाप्रदायक बीच सहकार्य गरी कार्य गर्ने,

९च०केन्द्र, सेवाग्राही र सेवा प्रदायक बीच समधुर सम्बन्ध कायम गराउन भूमिका निर्वाह गर्ने,

९छ० केन्द्रले तोकेका अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-७
## केन्द्र व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था

**२७. समितिको बैठकः** सामुदायिक कृषि प्रसार सेवा केन्द्रको व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ;

(१) केन्द्रको नियमित बैठक सदस्यहरुको सुबिधा र आवश्यकता अनुसार साप्ताहिक/पाक्षिक वा मासिकरुपमा बस्नेछ । तर महिनामा एकपटक अनिवार्यरुपमा व्यवस्थापन समितिको बैठक बस्नुपर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता सहमतिको आधारमा समितिका दुइजना सह-अध्यक्ष मध्ये आलोपालो गरी एकजनाले ६ महिना र अर्कोजनाले बाँकि ६ महिना गर्नेछन् ।तर कुनै कारणवश दुवै सह-अध्यक्ष अनुपस्थित हुने अवस्था आएमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छन् ।

(३) उपदफा (१) बमोजिम समितिको बैठक बोलाउदा अध्यक्षको निर्देशन अनुसार सचिवले लिखित सूचना प्रकाशित गरी तोकिएको मिति, समय र स्थानमा बोलाउनु पर्नेछ ।

(४) समितिको बैठक लगातार एक महिना वा सो भन्दा बढी समय सम्म नबोलाइएको खण्डमा समितिका जम्मा सदस्य संख्याको ५०% सदस्यले माग गरेमा अनिवार्य रुपमा समितिका तत्कालीन अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

(५) उपदफा (१) र (३) बमोजिम बोलाइएको समितिको बैठकमा विना सूचना लगातार ३ पटक सम्म वा सो भन्दा बढी समय सम्म कुनै सदस्य/पदाधिकारी अनुपस्थित भएमा समितिले निजलाई स्पस्टीकरण माग गर्न सक्नेछ र सो स्पस्टीकरण चित्तबुझ्दो नदेखिएमा निजलाई पदमुक्त गर्न सकिनेछ ।तर बैठक बस्ने स्थान, मिति र समयको जानकारी निजलाई समयमा अवगत गराएको हुनुपर्नेछ ।

**२८. गणपुरक संख्या :** दफा १८ बमोजिमको समितिमा कृषकहरुमध्येबाट चुनिएका ३ जना र सेवा प्रदायकहरुमध्येबाट चुनिएका ३ जना गरी कम्तीमा जम्मा ६ जनाको उपस्थिती भएमा समितिको वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

**२९. निर्णय प्रक्रियाः** समितिको बैठकको निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ;

(१) समितिको बैठकमा सामुहिक निर्णय गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सामुहिक निर्णय हुन नसकेमा तत्काल उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ ।

(३) कुनै विषयमा निर्णय लिंदा प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएको खण्डमा सम्बन्धित वडाको वडाध्यक्षले सहजीकरण गरी मत दिए बमोजिम हुनेछ ।

(४) समितिको बैठकमा छलफल भएको बिषय र त्यस सम्बन्धमा भएको निर्णयको विवरण समितिको बैठक पुस्तिकामा लेखि राख्नु पर्नेछ ।सो निर्णय सबैलाई सुनाई बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको हस्ताक्षर गरेको हुनु पर्नेछ ।

**३०. बैठकमा आमन्त्रित सदस्यः** समितिको बैठकमा सम्बन्धित वडाको वडाध्यक्ष वा कुनै जनप्रतिनिधि, वडासचिव र सम्बन्धित वडामा काम गर्ने पालिकाको कृषि तथा पशु शाखाको प्राविधिक कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

## परिच्छेद-८

## जनशक्तिको व्यवस्था, परिचालन र पारीश्रमिक सम्बन्धी व्यवस्था

**३१। कर्मचारीको नियुक्ति र परिचालनः** केन्द्रलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृती, नियुक्ति र परिचालन देहाय बमोजिम हुनेछ;

**(१)** केन्द्रलाई आवश्यक पर्ने प्राविधिक र अन्य कर्मचारीको दरबन्दी संख्या केन्द्र व्यवस्थापन समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

**(२)** अनुसूची ३ बमोजिमका सामुदायिक कृषि प्रसार सेवा सम्बन्धी कार्यको संचालन, रेखदेख, अनुगमन र सुपरिवेक्षण तथा आवश्यक नियमित प्राविधिक सेवा प्रदान गर्न केन्द्रले कृषि प्राविधिक नियुक्त गरी परिचालन गर्न सक्नेछ ।

**(३)** उपदफा (२) बमोजिम नियुक्त भएका प्राविधिक कर्मचारीले सेवा प्रदायक मार्फत प्रवाह गरिने कृषि प्रसार सम्बन्धी व्यावसायिक सेवाहरुको संचालनमा प्राविधिक सहयोग, रेखदेख, अनुगमन र नियन्त्रण गर्न सघाउ पुर्याउनेछ ।

**(४)** प्राविधिक कर्मचारीको विस्तृत कार्य विवरण (TOR) अनुसूची ५ बमोजिम हुनेछ ।

**(५)** केन्द्र व्यवस्थापन समितिले केन्द्रको दैनिक कार्य संचालन गर्ने कार्यको लागि समितिको कुनै सदस्य वा कृषि प्राविधिक वा कर्मचारीलाई व्यवस्थापकको रुपमा जिम्मेवारी तोक्नेछ ।

**(६)** व्यवस्थापकको काम, कर्तव्य र जिम्मेवारी समितिले तोके बमोजिम हुनेछ ।

**(७)** व्यावसायिक कृषि प्रसार सम्बन्धी सेवा प्रवाह गर्न केन्द्रमा सूचीकृत स्थानीय सेवा प्रदायकहरुलाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**३२. कर्मचारीको पारिश्रमिक निर्धारणः** केन्द्रले कर्मचारीको पारिश्रमिक देहाय बमोजिम निर्धारण गर्नेछ;

(१) प्राविधिक कर्मचारीको पारिश्रमिक निर्धारण गर्दा पालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम वा सो नभएको खण्डमा पालिकासंगको समन्वयमा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) व्यवस्थापकको पारिश्रमिक समिति आफैले तोक्नेछ ।

(३) प्राविधिक कर्मचारी र व्यवस्थापकको पारिश्रमिक निर्धारण गर्दा केन्द्रमा उपलब्ध आर्थिक श्रोतको अनुमान गरी व्ययभार धान्न सक्ने गरी गरिनेछ ।

(४) स्थानीय सेवाप्रदायकलाई परिचालन गरे वापत केन्द्रलाई थप वित्तीय दायित्व सृजना हुनेगरी कुनै पारिश्रमिक उपलब्ध गराइने छैन । तर सेवाप्रदायकले प्रचलित दरभाउमा सेवा विक्रीबाट मुनाफा लिन सक्नेछन् ।

## परिच्छेद-९
## आर्थिक व्यवस्था

**३३। सामुदायिक कृषि प्रसार सेवा केन्द्रको आर्थिक श्रोतः** सामुदायिक कृषि प्रसार सेवा केन्द्रको आर्थिक श्रोतको रुपमा निम्न श्रोतबाट प्राप्त वा आर्जन हुने नगद वा जिन्सी रहनेछ;

(१) केन्द्रले सेवा विक्रीबाट आर्जन गरेको रकम,

(२) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट निशर्त वा सशर्तरुपमा प्राप्त नगद अनुदान वा जिन्सी,

(३) कृषि क्षेत्र विकास कार्यक्रमबाट प्राप्त हुने सह-लगानी रकम वा सशर्त अनुदान,

(४) बिदेशी सरकार, दातृ निकाय र अन्तरास्ट्रिय संघ संस्थाहरुबाट प्राप्त अनुदान सहयोग वा ऋण,

(५) बिभिन्न स्थानीय गैरसरकारी संघ संस्था र व्यक्तिबाट प्राप्त भएको नगद वा जिन्सी,

(६) बैंक तथा वित्तीय संघ संस्थासंग लिएको ऋण,

(७) विभिन्न दस्तुर, दण्ड, जरिवानाबाट उठेको रकम,

(८) सदस्यता शुल्क र अन्य श्रोतबाट आर्जन भएको रकम ।

यस दफा बमोजिमका आर्थिक श्रोतबाट प्राप्त हुन सक्ने नगद वा जिन्सी सहयोग तथा अनुदान र केन्द्रको आफ्नै नियमित आम्दानी समेतलाई समेटी केन्द्रको आगामी वर्षको वार्षिक बजेट तथा नीति र कार्यक्रम तर्जुमा गरी समितिको बैठक र वार्षिक साधारण भेलाबाट पास गराइनेछ ।

**३४. कोषको व्यवस्थाः** सामुदायिक कृषि प्रसार सेवा केन्द्रको कोषको व्यवस्थापन र परिचालन देहाय बमोजिम हुनेछ ।

(१) सामुदायिक कृषि प्रसार सेवा केन्द्रको एउटा आफ्नै छुट्टै कोष स्थापना हुनेछ ।

(२) दफा ३३ बमोजिम कोषमा प्राप्त हुने रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकमा खाता खोलि आम्दानी बाँध्नु पर्नेछ ।

(३) केन्द्रको बैंक खाता संचालन केन्द्र व्यवस्थापन समितिको कोषाध्यक्ष, सचिव र समितिको निर्णय अनुसार तोकिएको कुनै एकजना सदस्यको संयुक्त हस्ताक्षरमा गरिनेछ ।

(४) यस बिधान र प्रचलित ऐन नियम बमोजिम खर्च गर्ने तथा खर्चको श्रेस्ता पारदर्शी तवरले राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम आम्दानी बाँधिएको रकमको सम्पूर्ण कारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा जानकारी गराउनु पर्नेछ।

**३५. कोषको रकम खर्च गर्ने व्यवस्था :** केन्द्रको कोषको रकम देहाय बमोजिम खर्च गरिनेछ;

(१) दफा ३३ बमोजिम केन्द्रको कोषमा जम्मा हुन आउने रकम अनुसूची ९ बमोजिमको ढाँचामा केन्द्रको व्यवसायिक योजना तयार गरी सोही योजनामा उल्लेखित क्रियाकलापको कार्यान्वयनका लागि खर्च गरिने छ।

(२) सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन (कर्मचारीको पारिश्रमिक, बैठक खर्च, खाजा खर्च, चियापान, बिजुली, पानी, टेलिफोन, इन्टरनेट र अन्य भैपरी आउने खर्च आदि) तथा मर्मत सम्भार कार्य र जग्गा तथा अन्य उपकरण उपयोग गरे बापत लाग्ने खर्च कोषको रकमबाट व्यहोरिने छ।

(३) केन्द्रको वार्षिक आयको कम्तिमा २० प्रतिशत रकम केन्द्रकै संस्थागत विकास र सेवा संचालनको लागि आवश्यक पर्ने पूर्वाधार निर्माणमा खर्च गरिनेछ ।

**३६. केन्द्रको चल अचल सम्पतिको विवरण :** केन्द्रको स्वामित्वमा रहेको चल अचल सम्पतिको विवरण प्रत्येक वर्ष अद्यावधिक गरी अभिलेख राखिनेछ र सो सम्पतिको प्रयोग केन्द्रको कामको लागि मात्र गरिनेछ ।

**३७. लेखापरिक्षण :** केन्द्रको लेखा परिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ;

९१० केन्द्रको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

९२० केन्द्रको लेखा परिक्षण कानुन बमोजिम रजिस्टर्ड लेखा परीक्षकबाट गराइनेछ ।

९३० सम्बन्धित निकायबाट अधिकार प्राप्त अधिकारीले जुनसुकै बखत पनि केन्द्रको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

९४० लेखा परीक्षकको नियुक्ति केन्द्रको व्यवस्थापन समितिको निर्णयबाट हुनेछ ।

९५० उपदफा (१) बमोजिमको लेखाको लेखापरिक्षण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र समितिको बैठकले तोकेको रजिस्टर्ड लेखा परीक्षकद्वारा गराइनेछ ।

९६० केन्द्रको लेखापरिक्षण प्रतिवेदन प्रत्येक वर्ष समितिमा पेश गर्ने, पास गराउने र सार्वजनिक गर्नुको साथै सम्बन्धित अख्तियारवाला निकाय समक्ष पेश गरिनेछ ।

## परिच्छेद-१०
## अनुगमन, मुल्यांकन, समिक्षा र प्रतिवेदन

**३८. केन्द्रबाट सम्पादित कार्यको अनुगमनः** केन्द्रबाट सम्पादित कार्यहरुको अनुगमन देहाय बमोजिम हुनेछ;

(१) केन्द्रबाट सम्पादन हुने अनुसूची ३ र ४ बमोजिमका कृषि प्रसार सेवा सम्बन्धी सम्पूर्ण कार्यहरुको एकल वा संयुक्त अनुगमन कार्यको कार्यतालिका र आवश्यक पर्ने बजेट तयार गरी केन्द्र व्यवस्थापन समितिबाट स्वीकृत गराउनेछ र सो को जानकारी सम्बन्धित वडाध्यक्ष र पालिकाको कृषि तथा पशुपन्छी शाखालाई गराउनेछ ।

(२) समितिले आवश्यकता अनुसारको अनुगमन संयन्त्र गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउने छ ।

(३) उपदफा (२) बमोजिम गठित अनुगमन संयन्त्रले पालिका स्तरीय कृषि विकास समिति र पालिकामा गठित अनुगमन सम्बन्धी संस्थागत संयन्त्रसंग आवश्यक समन्वय गरी कार्य गर्नेछ ।

(४) केन्द्रबाट प्रदान गरिने सेवाको गुणस्तर मापन गर्दा पालिकाको कृषि तथा पशुपन्छी शाखाको प्राविधिक कर्मचारीको संलग्नता र सहयोगमा गरिनेछ ।

(५) संघ, प्रदेश र स्थानीय सरकारको तर्फबाट आवश्यकतानुसार केन्द्रको अनुगमन तथा मूल्याङ्कन हुनेछ र उक्त अनुगमन टोलिलाई आवश्यक पर्ने सम्पूर्ण विवरण केन्द्रले उपलब्ध गराउनेछ ।

(६) सामान्यतया वडाध्यक्ष र वडाका अन्य जनप्रतिनिधिले पालिकाको प्रतिनिधिको रुपमा समेत केन्द्रको अनुगमन तथा सुपरिवेक्षण गर्नेछन् ।

**३९. मुल्यांकनः** केन्द्रबाट सम्पादित कार्यको मुल्यांकन देहाय बमोजिम हुनेछ;

(१) केन्द्रको सम्पूर्ण कार्यको समष्टिगत उपलब्धी र परिणामहरुको मापन हुने गरी स्वःमुल्यांकन गर्ने प्रणालीको विकास गरिनेछ । केन्द्रले आवश्यक ठानेमा मूल्यांकनको लागि बाह्य निकाय वा बिशेषज्ञको सहयोग समेत लिनेछ ।

(२) केन्द्रबाट प्रवाह भएका अनुसूची ३ र ४ बमोजिमको सेवाको अवस्थामा गुणात्मक र परिमाणात्मक वृद्धि एवं विस्तारलाइ केन्द्रको मुल्यांकनको प्रमुख सूचकको रुपमा हेरिनेछ ।

(३) केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवाको गुणस्तर निर्धारण सम्बन्धी मापदण्ड अनुसूची-७ बमोजिमको ढाँचामा गरिनेछ ।

(४) केन्द्रको प्रतिफल, उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कनका न्यूनतम आधारहरु अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछन् ।आवश्यकता अनुसार समितिले मुल्यांकन सम्बन्धी थप मापदण्ड समेत निर्धारण गर्न सक्नेछ ।

**४०. समिक्षाः** केन्द्रले देहाय बमोजिम कार्य प्रगतिको समिक्षा गर्नेछ;

(१) प्रत्येक चौमासिक र बार्षिक रुपमा केन्द्रबाट संचालित सबै क्रियाकलापहरुको प्रगति समीक्षा गरी समीक्षाको निचोड वडाध्यक्ष मार्फत पालिकामा पेश गरिनेछ ।

(२) यस्तो समीक्षा वैठकको आयोजना पालिकाको समिक्षा बैठक बस्नु अगाडी सम्पन्न गरिनेछ ।

(३) उपदफा (१) बमोजिम आयोजना गरिने समिक्षा बैठकहरुमा केन्द्रका सम्पूर्ण सदस्यहरु लगायत सम्बन्धित वडाका स्थानीय जनप्रतिनिधि, कर्मचारी, विकास साझेदारका प्रतिनिधि र सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

(४) समीक्षामा केन्द्रको प्रगतिको आँकडाका अतिरिक्त कार्य संचालनको क्रममा देखा परेका मुद्दा, समस्या र चुनौतीबारे छलफल गरिनेछ र सहभागीहरुबाट प्राप्त सुझाव र पृष्ठपोषण समेतको आधारमा समस्या समाधानका सहज उपायको खोजि गरिनेछ ।

(५) केन्द्रले समिक्षा बैठकमा उठेका प्रश्न र गुनासाहरुको सम्बोधन गर्नु पर्नेछ ।

४१. **प्रतिवेदनः** केन्द्रले देहाय बमोजिम प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकाय समक्ष पेश गर्नेछ;

(१) केन्द्रले पालिकाको आर्थिक कार्यविधि अनुसारको ढाँचामा मासिक, चौमासिक र वार्षिक वित्तीय प्रगति प्रतिवेदन तयार गर्नेछ ।तर अन्य निकाय समक्ष पेश गर्नुपर्ने वित्तीय प्रतिवेदन सोही निकायले तोके बमोजिमको प्रतिवेदनको ढाँचामा तयार गरी पेश गरिनेछ ।

(२) केन्द्रले वार्षिक वित्तीय प्रगति प्रतिवेदन आर्थिक वर्ष सकिएको १ महिना भित्र पालिका समक्ष पेश गर्नेछ ।

(३) केन्द्रले प्रत्येक चौमासिक र वार्षिक रुपमा भौतिक प्रगति प्रतिवेदन तयार गर्नेछ ।

(४) पालिका समक्ष पेश गरिने भौतिक प्रगति प्रतिवेदनको ढाँचा पालिकाले तोके बमोजिम र अन्य निकाय समक्ष पेश गरिने भौतिक प्रगति प्रतिवेदनको ढाँचा सोही निकायले तोके बमोजिम हुनेछ ।

(५) केन्द्रले वार्षिक भौतिक प्रगति प्रतिवेदन आर्थिक वर्ष सकिएको १ महिना भित्र पालिका समक्ष पेश गर्नेछ ।

(६) माथि जेसुकै उल्लेख भएता पनि वित्तीय र भौतिक दुवै प्रगति प्रतिवेदन प्रत्येक मासिक, चौमासिक र वार्षिक रुपमा पेश गर्नुपर्ने अवस्थामा सोही अनुसार तयार गरी पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-११
## विविध

४२. **अन्तिम व्याख्याः**

(१ यस विधानमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानूनसंग बाझिएको हदसम्म अमान्य मानिनेछ र यस विधानको ब्याख्या केन्द्रको बैठकले गरे बमोजिम हुनेछ ।

(२) यस बिधान अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा सम्बन्धित पालिका अन्तर्गतको कृषि तथा पशु विकास शाखा समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा पालिकाबाट भएको निर्णय अन्तिम हुनेछ ।

**४३. बिधान संशोधन:** केन्द्रको वार्षिक साधारण भेलाले आवश्यकता अनुसार बिधानमा थपघट तथा परिमार्जन गर्न सक्नेछ । तर बिधानमा भएको व्यवस्था नबाझिने हदसम्म अनुसूचीहरुको संशोधन पालिका अन्तर्गतको कृषि तथा पशु शाखासंग समन्वय गरेर मात्र गर्न सकिनेछ।

**४४. केन्द्रको दर्ता र नवीकरण :** केन्द्रको दर्ता र नवीकरण स्वीकृत बिधान बमोजिम पालिकाले तोकेको प्रावधान बमोजिम पालिकाको कृषि विकास शाखामा गरिनेछ ।

**४५. नियमावली बनाउन सक्ने:**

केन्द्रले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक आर्थिक, प्रशासनिक तथा कार्यक्रम संचालन सम्बन्धी छुट्टाछुट्टै नियमावली बनाउन सक्नेछ ।

**४६. विशेष व्यवस्थाः**

पदाधिकारीहरुले आफ्नो अधिकार मध्ये केहि अधिकार कुनै पदाधिकारी सदस्य वा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्ने छन् । त्यसरी प्रत्यायोजित अधिकार प्राप्त गरी काम गर्ने व्यक्तिको सेवाको शर्त र पद नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा १५ उपदफा १ संग सम्बन्धित)

## कृषक सदस्यहरुको अभिलेख

**पालिकाको नाम:** **वडा नम्बर:**

| क्र.सं. | कृषकको नाम थर | लिङ्ग | गाउँ/टोलको नाम | खेती गरेको जमिनको क्षेत्रफल (रोपनी) | मुख्य पशु चौपाया/संख्या | मुख्य खेती/पशुपालन गरेको बाली/वस्तु | फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची २

(दफा १५ को उपदफा १ संग सम्बन्धित)

## सेवा प्रदायकहरुको अभिलेख

**पालिकाको नाम:** **वडा नम्बर:**

| क्र.सं. | सेवा प्रदायकको नाम थर | लिङ्ग | गाउँ/टोलको नाम | शैक्षिक योग्यता | तालिम | फर्म दर्ता भएको भए सोको नाम | सेवाको प्रकार | सेवा सम्बन्धी विस्तृत विवरण | फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ३

(दफा ११ को उपदफा ४ संग सम्बन्धित)

### केन्द्रबाट प्रवाह हुने सामुदायिक कृषि प्रसार सेवा

(द) कृषि बाली वस्तु, पशुपन्छी र माछाको नयाँ जात/नश्लहरुको परीक्षण तथा प्रदर्शन

(ध) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित आधुनिक प्रविधिको परीक्षण तथा प्रदर्शन

(न) कृषि बाली वस्तु, पशुपन्छी र माछा उत्पादनसंग सम्बन्धित सहभागितात्मक परीक्षण/अनुसन्धान (पार्टिसिपेटरी एक्सन रिसर्च)

(ऩ) एकीकृत बाली/शत्रुजीव व्यवस्थापन/खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय/बीउ उत्पादन/पोषण/ व्यावसायिक/वित्तीय साक्षरता पाठशाला सञ्चालन

(प) आधुनिक, खेती लागत तथा कार्यबोझ न्यूनिकरण गर्ने कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन

(फ) कृषि बाली वस्तु, पशुपन्छी र माछा सम्बन्धी सामूहिक तालिम

(ब) कृषक समूह तथा कृषि सहकारी संस्था गठन/पुनर्गठनका लागि सहजिकरण एवम् क्षमता विकास

(भ) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार

(म) भौचर प्रणाली तथा किसान कार्डको कार्यान्वयन

(य) सामुदायिक कृषि बजार स्थापना

(र) सामुदायिक कृषि बजार सूचना प्रणालीको स्थापना

(ऱ) कृषि तथा कृषि बजार सम्बन्धी अध्ययन/सर्वेक्षण

(ल) रैथाने बाली तथा पशुपन्छीको संरक्षण

## अनुसूची ४

(दफा ११ को उपदफा ५ संग सम्बन्धित)

## केन्द्रबाट प्रवाह हुने व्यावसायिक कृषि प्रसार सेवा

(क) कृषकको मागमा आधारित कृषि सामग्रीको आपूर्ति तथा परामर्श (भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउने समेत)

(ख) बीउ, बेर्ना, नश्लको उत्पादन नर्सरी तथा स्रोत केन्द्र

(ग) व्यावसायिक योजना निर्माणको लागि स्रोत व्यक्तिको उपलब्धता

(घ) वित्तीय सेवाका लागि सहजिकरण

(ङ) विभिन्न कृषि सम्बन्धी पाठशाला तथा तालिमको लागि स्रोत व्यक्तिको उपलब्धता

(च) आधुनिक कृषि प्रविधि एवम् व्यवसाय परामर्श

(छ) पशुपन्छी तथा माछाको उपचार, खोप तथा भ्याक्सिनेसन

(ज) पशुवस्तुमा कृत्रिम गर्भाधान

(झ) बालीनालीको उत्पादनमा आवश्यक पर्ने विशेषज्ञ/विशिष्ट सेवा तथा परामर्श, जस्तै: काँटछाँट, बाली रोग पहिचान एवम् बाली उपचार, रासायनिक तथा जैविक विषादी छर्कने, थोपा सिंचाइ लगायत नवीन सिंचाइ प्रविधिको जडान, प्लाष्टिक घर/टनेल जडान, वानस्पतिक प्रजनन्, बीउ उत्पादन, भण्डारण, उत्पादनोपरान्त क्षति न्यूनिकरण, घरायसी प्रशोधन आदि ।

(ञ) कृषि बाली वस्तु, पशुपन्छी र माछाको रोग तथा कीराको निदान प्रयोगशाला सेवा

(ट) माटो परीक्षण प्रयोगशाला सेवा

(ठ) कृषि यन्त्र तथा उपकरण सञ्चालन परामर्श एवम् मर्मत सेवा

(ड) व्यावसायिक तथा वित्तीय साक्षरता/परामर्श

(ढ) पोषण साक्षरता तथा परामर्श

(ण) बाली तथा पशुपन्छी बीमा अभिकर्ता एवम् सहजिकरण

(त) कृषि उपजहरु संकलन, ढुवानी र बजारीकरण सम्बन्धी सहजिकरण सेवा

(थ) कृषि उपज भण्डारण सेवा (चिस्यान तथा भण्डारण केन्द्रहरु सन्चालकहरु मार्फत)

## अनुसूची-५

(दफा ३१ को उपदफा ४ संग सम्बन्धित)

## कृषि प्राविधिकको कार्य विवरण (Terms of Reference)

कृषि प्राविधिकले कृषि प्रसार सेवा केन्द्रको मातहतमा रही केन्द्रको कार्यक्षेत्र भित्रका कृषकहरुलाइ प्रत्यक्ष लाभ पुग्ने गरी कृषि प्रसार सम्बन्धी सामुदायिक सेवाको संचालन गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने छन् । कृषि प्राविधिकले केन्द्रमा सूचीकृत सेवा प्रदायकहरुलाई परिचालन गरी केन्द्रको व्यावसायिक योजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने, प्राविधिक रेखदेख गर्ने र सेवाको गुणस्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने कार्य गर्नेछन् ।कृषि प्राविधिकले केन्द्र व्यवस्थापन समितिको निर्देशनमा केन्द्रसंग सम्वद्ध व्यक्ति, संस्था, सहयोगी निकाय र पालिकासंग आवश्यक समन्वय गरी काम गर्नेछन् ।

**(क) भूमिका र जिम्मेवारी**

(१) वडाभित्रका कृषक, कृषि समूह, सहकारी र स्थानीय सेवा प्रदायकहरुको अभिलेख तयार गर्ने र अध्यावधिक गर्ने,

(२) केन्द्रको वार्षिक एवम् आवधिक योजना तथा कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयनमा सहयोग गर्ने,

(३) केन्द्रको कार्यक्षेत्र भित्र कृषि बाली वस्तु, पशुपन्छी र माछाको नयाँ जात/नश्लहरु तथा उत्पादनसंग सम्बन्धित आधुनिक प्रविधि एवं कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन गर्ने गराउने,

(४) कृषक समूह तथा कृषि सहकारी संस्था गठन/पुनर्गठनका लागि सहजिकरण गर्ने र कृषकको प्राविधिक क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने,

(५) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार र कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्ने,

(६) भौचर प्रणाली तथा किसान कार्डको कार्यान्वयनमा आवश्यक सहयोग र सहजीकरण गर्ने,

(७) एकीकृत बाली/शत्रुजीव व्यवस्थापन/खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय/बीउ उत्पादन र पोषण शिक्षा सम्बन्धी कार्यक्रम संचालनमा आवश्यक प्राविधिक सहजीकरण गर्ने,

(८) सामुदायिक कृषि बजार र बजार सूचना प्रणालीको स्थापनामा सहजीकरण गर्ने,

(९) केन्द्रमा सूचीकृत सेवा प्रदायकहरुलाई परिचालन गरी केन्द्रको व्यावसायिक योजनामा समावेश भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने, प्राविधिक रेखदेख गर्ने र सेवाको गुणस्तर अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने गराउने,

(१०) केन्द्र व्यवस्थापन समितिको निर्देशनमा केन्द्रसंग सम्वद्ध व्यक्ति, संस्था, सहयोगी निकाय र पालिकासंग आवश्यक समन्वय गरी काम गर्ने,

(११) उत्पादक समूह/सहकारीहरुलाई अन्य व्यवसायी तथा सेवाप्रदायकसँगको अन्तरक्रिया र व्यवसायिक आर्थिक पहलका लागि अन्तरसम्वाद गर्न सल्लाह दिने र सिकाउने,

(१२) आवश्यकताहरुको लेखाजोखा र व्यवसायिक योजना तयार गर्ने जस्ता कार्यहरुमा सहयोग र सहजीकरण गर्ने,

(१३) कृषकहरुलाई बचत तथा ऋण सहकारी, लघु वित्त संस्थाहरु, बैंक आदिमा वित्तीय पहुँच सिर्जना गराउनका लागि उत्पादक समूहका सदस्यहरुलाई जागरुक गराउने र आवश्यक सहजीकरण गर्ने,

(१४) उत्पादन योजनाहरु (मौसमी पात्रो) निर्माण गर्न र त्यसको कार्यान्वयन गर्न उत्पादक समूहहरु र सहभागी कृषक घरपरिवारहरुलाई आवश्यक सहजीकरण र सहयोग गर्ने,

(१५) कृषि प्रसार सेवाको विस्तारका लागि सेवा प्रदायक र सहयोगी निकायसँग सम्बन्ध विस्तार गर्ने,

(१६) केन्द्रबाट संचालित क्रियाकलापको नियमित अनुगमन, फिल्डबाट संकलित तथ्यांक प्रविष्टी तथा ब्यवस्थापन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(१७) विपन्न तथा सिमान्तकृत वर्गलाइ लैंगिक तथा सामाजिक समावेशीकरणको लागि मुलप्रवाहीकरण गर्न भूमिका निर्वाह गर्ने,

(१८) स्थानीय सरकार तथा सम्बन्धीत विषयगत निकायसँग समन्वय गर्ने र केन्द्रको कार्यक्रममा स्थानीय समुदायको योगदानको खोजी गर्ने,

(१९) निर्धारित मापदण्ड र फरम्याटमा हार्डकपी वा इलेक्ट्रोनिक कपी वा दुवै प्रकारको प्रतिवेदन समयमै नियमित रुपमा केन्द्र व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(२०) केन्द्रको बैठक, भेला, समिक्षा गोष्ठी तथा सार्वजनिक सुनाई कार्यक्रमहरुको संचालनमा सहयोग र सहजीकरण गर्ने,

(२१) केन्द्रले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) कृषि प्राविधिकको योग्यता, अनुभव र दक्षता :**

सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा काम गर्ने कृषि प्राविधिकको योग्यता, अनुभव र दक्षता देहाय बमोजिम हुनेछ ।

- कृषि /पशु चिकित्सा विज्ञानमा जे.टि.ए कोर्स पुरा गरी कुनैपनि विषयमा +२ उत्तीर्ण गरेको,
- कृषि प्रसार सम्बन्धी सामुदायिक र व्यावसायिक सेवा प्रवाहको क्षेत्रमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको,
- पारस्परिक वैक्तिक सीप भएको, नेटवर्किङ गर्न सक्ने र ग्रामिण परिवेशमा रही कृषक घरपरिवारलाइ प्राविधिक सेवा उपलब्ध गराउन सक्ने क्षमता भएको,
- कम्यूटर सम्बन्धी राम्रो सीप भएको ।

## अनुसूची-६

(दफा ११ को उपदफा ९ संग सम्बन्धित)

### केन्द्रबाट प्रवाह हुने व्यावसायिक कृषि प्रसार सेवाहरुको सेवा शुल्क निर्धारणको ढाँचा

| क.स. | सेवाको विवरण | सेवाको प्रकार | प्रति इकाई दर रु. | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

* सेवाको प्रकृति हेरी सेवा बिक्रीबाट आर्जन भएको कुल मुनाफाको ५-१० प्रतिशत रकम सेवा प्रदायकले केन्द्रलाई बुझाउनु पर्नेछ ।

## अनुसूची -७

(दफा ३९ को उपदफा ३ संग सम्बन्धित)

## केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवाको गुणस्तर निर्धारण सम्बन्धी मापदण्डको ढाँचा

| क्र.स. | मापनका सूचकहरु | स्तर |
|---|---|---|
| १ | सेवा प्रवाहको लागि स्थापित सहायता कक्षमा रहेका आधारभूत सुविधा तथा उपकरणहरु(कम्पुटर, प्रिन्टर, टेलिफोन, इन्टरनेट, बस्ने ठाउँ आदि) को उपलब्धता र प्रयोग | |
| २ | सेवा प्रवाहको लागि आवश्यक पर्ने कृषि प्रसार सम्बन्धी जानकारीमुलक सामग्री तथा सूचना (लिफलेट, पोस्टर आदि) को उपलब्धता र प्रयोग | |
| ३ | सेवा प्रवाहमा आत्मनिर्भरता | |
| ४ | कृषि सामग्री, औजार, उपकरणको आपूर्ति तोकिएको समयमा गर्न सक्ने र प्राविधिक सेवा उपलब्ध गराउन सक्ने क्षमता | |
| ५ | कृषि सामग्री, औजार, उपकरण र प्राविधिक सेवाको गुणस्तर | |
| ६ | कृषक र सेवा प्रदायकको अभिलेख व्यवस्थित रुपमा तयार गरी अध्यावधिक गरेको अवस्था. | |
| ७ | कर्मचारीले केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवा सम्बन्धी कृयाकलाप बारे कृषकहरुलाइ समयमा जानकारी गराएको | |
| ८ | कृषकहरुलाई मागमा आधारित सेवा उपलब्ध गराउन केन्द्र अन्तर्गतका कर्मचारी र सेवा प्रदायकको तत्परता | |
| ९ | सेवाग्राही कृषकको चाहना र आवश्यकता अनुसारको सेवा प्रवाहमा लचकता | |
| १० | सेवा प्राप्त गर्ने कुरामा कृषकको विश्वास र ढुक्कता | |
| ११ | सेवा प्रदायकको परिचालनको अवस्था र प्राविधिक दक्षता | |
| १२ | सेवा प्रवाहको लागि अनुकुल समय र स्थान | |
| १३ | सेवा प्रवाहमा निस्पक्षता र पारदर्शिता | |
| १४ | सेवा संचालनका लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्था | |
| १५ | व्यावसायिक योजनाको निर्माण तथा कार्यान्वयनको अवस्था | |
| १६ | सेवामा लैंगिक तथा सामाजिक समावेसीकरणको अवस्था | |
| १७ | निर्णय प्रक्रिया र निर्णयको कार्यान्वयनको अवस्था | |
| १८ | श्रोत आर्जनको दिगोपना तथा श्रोत परिचालनमा स्पष्टता र प्रभावकारिता | |
| १९ | कर्मचारी, सेवा प्रदायक र कृषकको क्षमता विकास | |
| २० | स्थानीय सरकार र अन्य सहयोगी निकायसंगको समन्वय र सहकार्यको अवस्था | |

**स्तरीकरणः** उत्कृस्ट भएमा -५, धेरै राम्रो भएमा -४ अंक, राम्रो भएमा -३ अंक, सन्तोषजनक भएमा -२ अंक, नराम्रो भएमा- १ अंक

## अनुसूची -८

(दफा ३९ को ४ संग सम्बन्धित)

## केन्द्रको प्रतिफल, उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कनका न्यूनतम आधारहरु

### (१) प्रतिफल मूल्याङ्कनका न्यूनतम आधारहरु

| क्र.सं. | आधारहरु | सूचक | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषक सदस्यहरुको सदस्यता विस्तार | संख्या | केन्द्रको अभिलेख | |
| २ | कृषि प्रसार सेवा (अनुसूची ३ बमोजिम) को विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | केन्द्रको सर्वेक्षण | |
| ३ | कृषि सेवा प्रदायकको विस्तार | संख्या | केन्द्रको अभिलेख | |
| ४ | कृषि सेवा प्रदायकबाट अनुसूची ४ बमोजिमको सेवामा विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | सेवा प्रदायकको प्रतिवेदन | |

### (२) उपलब्धि तथा प्रभाव मूल्याङ्कनका न्यूनतम आधारहरु

| क्र.सं. | आधारहरु | सूचक | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | वडाका प्रमुख बालीको उत्पादकत्व वृद्धि | उत्पादकत्व मे.टन/हेक्टर | स्थानीय तहबाट सर्वेक्षण हुने | बाली वस्तुहरु वडाले निर्धारण गर्ने |
| २ | वडाका प्रमुख बालीको उत्पादन वृद्धि | उत्पादन मेटन | | |
| ३ | वडाका कृषकहरुको आम्दानी वृद्धि | रु/घरपरिवार | | |
| ४ | वडाका सेवा प्रदायकको आम्दानी वृद्धि | रु/सेवा प्रदायक | | |
| ५ | वडा भित्र कृषि क्षेत्रमा रोजगारी श्रृजना | रोजगारी श्रृजना संख्या | | |
| ६ | वडा भित्रका कृषकहरुको कृषि प्रसार सेवा प्रतिको सन्तुष्टी | सन्तुष्ट हुने कृषकको प्रतिशत | | |

## अनुसूची-९

(दफा ११ को उपदफा ६ संग सम्बन्धित)

## केन्द्रको व्यावसायिक योजनाको ढाँचा

**(क) केन्द्रको संक्षिप्त विवरण**

<table>
<tr><td>१. केन्द्रको नाम</td><td colspan="4"></td></tr>
<tr><td rowspan="3">२. स्थायी ठेगाना र सम्पर्क विवरण</td><td colspan="2">जिल्लाः</td><td colspan="2">गाउँ/नगरपालिकाः</td></tr>
<tr><td colspan="2">वडा नं. :</td><td colspan="2">गाउँ/टोलः</td></tr>
<tr><td colspan="2">सम्पर्क नं. :</td><td colspan="2">इमेल :</td></tr>
<tr><td>३. कृषि व्यवसायको नाम र प्रकार</td><td colspan="3">व्यवसायको नामः</td><td>प्रकारः</td></tr>
<tr><td rowspan="2">४. व्यावसायको दर्ता सम्बन्धी विवरण</td><td colspan="2">दर्ता नं. र मितिः</td><td colspan="2">नवीकरण मितिः</td></tr>
<tr><td colspan="3">दर्ता भएको निकायः</td><td>पाना नं.</td></tr>
<tr><td>५. हाल संचालन गर्दै आएका कृयाकलापहरु</td><td colspan="4"></td></tr>
</table>

**(ख) केन्द्रको प्रमुख पदमा रहेका पदाधिकारी र कर्मचारीको शैक्षिक योग्यता, तालिम र अनुभव सम्बन्धी विवरण**

(अ) शैक्षिक योग्यता सम्बन्धी विवरण

| क्र.स. | नाम | पद | हासिल गरेको योग्यता | उतिर्ण गरेको साल | शैक्षिक संस्थाको नाम र ठेगाना | अध्ययनको बिषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(आ) प्रस्तावित सेवा प्रवाह सम्बन्धी प्राप्त गरेका तालिमको विवरण

| क्र.स. | तालिम लिने व्यक्तिको नाम | तालिमको बिषयवस्तु | तालिमको अवधि | मिति | तालिम दिने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | देखि....सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(इ) सम्बन्धित विषयमा कार्य अनुभव

| क्र.स. | नाम | पद | अवधि(वर्ष) | संस्था/फार्म/ व्यक्तिगत | गरेका मुख्य कामहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(ग) कृषि प्रसारका लागि प्रस्तावित व्यावसायिक सेवाहरु**

| | | |
|---|---|---|
| १. कृषि प्रसारका लागि प्रस्तावित व्यावसायिक सेवाहरु | | |
| २. सेवा प्रवाह गरिने क्षेत्रहरु | | |
| ३. प्रस्तावित सेवाबाट लाभान्वित हुने सेवाग्राही | कृषक समुह संख्याः | सहकारी संख्याः |
| | कृषक घरधुरी संख्या | अन्य : |

**(घ) कृषि प्रसार सम्बन्धी व्यावसायिक सेवा संचालन बापत प्राप्त हुने अनुमानित आम्दानी विवरण**

| क्र.स. | प्रदान गरिने व्यावसायिक सेवाहरु | इकाई | परिमाण | सेवा शुल्क दर रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

**(ङ) व्यवसायिक सेवा विस्तारका लागि लगानी योजना**

| क.स.. | लगानीको विवरण | इकाई | परिमाण | दर | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(च) वित्तीय श्रोतको व्यवस्थापन**

| क.स. | विवरण | लगानीका श्रोतहरु | | | | | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| | | सरकारी अनुदान | स्वः लगानी | ऋण | | अन्य श्रोत | |
| | | | | बैंक/वित्तीय संस्था | व्यक्तिगत | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**(छ) वित्तीय विश्लेषण**

| क.स. | विवरण | रकम रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | आय विवरण | | | | |
| | क. सेवा विक्रीबाट प्राप्त आम्दानी | | | | |
| | ख. मौज्दात | | | | |
| | ग. जम्मा आम्दानी (क-ख) | | | | |
| | खर्च विवरण | | | | |
| | घ. सेवा संचालन खर्च | | | | |
| | ङ. सालाखाला नाफा (ग-घ) | | | | |
| | च. स्थिर खर्च | | | | |
| | छ. खुद नाफा (ङ-च) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ज. कुल लगानी पूजी (घ+च) | | | | |
| | लगानीमा प्रतिफल (खुद नाफा/कुल लगानी पुंजी X १०० | | | | |

**ज. व्यावसायिक कृषि प्रसार सेवा संचालनको वार्षिक कार्ययोजना**

| क्र.स. | सेवाको किसिम | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**व्यावसायिक योजना पेश गर्ने**

..............................................

नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

**अनुसूची-१० केन्द्रको छाप र प्रतिक चिन्हको नमुना**

(दफा ७ संग सम्बन्धित)

**(क) केन्द्रले प्रयोग गर्ने छापको नमुना**

**(ख) केन्द्रको प्रतिक चिन्हको नमुना**